अर्को कुरा हामीले हामीहरु पापी भएको कुरा थाहा पाउनु पर्दछ। **रोमी** ३:२३ले भन्छ, “सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।” “.......सुन वा चाँदीजस्ता नाश हुने थोकहरुद्धरा दाम तिरी तिमीहरु छुट्टचाइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्धारा दाम तिरी छुट्टचाइएका छौ ।”(**१ पत्रुस** १:१८-१९) किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरुका निम्ति सदाको लागि एक चोटि मर्नुभयो । उहाँ शरीरमा मारिनुभयो-धर्मी जन अधर्मीहरुका निम्ति-तर आत्माद्धारा जीवित पारिनुभयो ।” (**१ पत्रुस** ३:१८)

अनि, ख्रीष्टलाई हामीले विश्वासद्धारा ग्रहण गर्नुपर्दछ किनकि मुक्ति सित्तैको वरदान हो जुन उँहाको अनुग्रहबाट मात्र प्राप्त गर्न सकिन्छ । **एफिसी** २:८-९ले भन्छ “किनभने अनुग्रहबाट विश्वासद्धारा तिमीहरुले उद्धार पाएका छौँ– र यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– कर्महरुद्धारा हो इन, नत्रता मानिसले घमण्ड गर्नेछ।

©डनएड्रसन२०१३

Hope tract ministry
All tracts are free, as the Lord provides

P.O. BOX 609 • YORK, SC 29745 • 803-684-1535
WWW.HOPETRACTS.ORG

Who Is Jesus? (Nepali) Tract 660

# येशू को हुनुहुन्छ?

## तपाईको अनन्तको भाग्य तपाईको उत्तरमा भर पर्नेछ ।

येशू ख्रीष्ट्रियान इतिहास मै सबै भन्दा बढी विवाद गरिएको व्यक्तित्व हुनुहुन्छ । उहाँको परिचयले अरु संसारका धर्महरुबाट अलग गर्दछ । कुनै धर्मले उहाँलाई एउटा असल मनिस र अगमवक्ता मात्र भन्छन् भने कुनै धर्मले उहाँ पनि सृष्ट्रि गरिएका चिज हुन भन्छन् । थप अरुहरुले उँहा परमेश्वरको पुत्र हुनुहुन्छ भन्छन् । सबै धर्महरूले येशू ख्रीष्टको वारेमा जानेका छन्, तर कुनै पनि उहाँ को हुनुहुन्छ भन्ने वारेमा सहि छैनन् । यदि तपाई सत्यताको खोजी गदै हुनुहुन्छ भने सुरुमा तपाईले येशू ख्रीष्टको सही परिचय बाइबल अनुसार खोजी गर्नुपर्दछ ।

धेरैको एउटा साझा विचार छकि सबै धर्महरु एकै हुन्, अनि हामी सबै एउटै परमेश्वरको आराधना (पुजा) गर्दछौं । वास्तवमा त्यो सत्य होइन् । **यूहन्ना** १४:६मा येशूले भन्नुभयो "बाटो, सत्य र जीवन म नै हुँ । मद्धारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।" येशू नै **बाटो** हुनुहुन्छ, एउटा बाटो होइन (नै बाटो र बाटो मा धेरै भिन्नता छ) । उहाँको बारेमा सत्यता थाहा पाउनु नितान्त आवश्यक छ ।
आज धेरै मानिसहरुले येशू परमेश्वरको पुत्र हुनुभएको मान्छन् । बाइबलीय रुपमा यो भनाई सत्य छ । दुर्भग्यवस अरु धेरै धार्मिक समुहहरुले "येशू परमेश्वरको पुत्र" भन्ने कुरालाई भिन्नै अर्थले बुझ्छन् । जब तपाई अझ प्रश्न गर्दै जानुहुन्छ । तपाईले उनीहरुको "येशू एक सृष्टि गरिएको व्यक्ति हुनुहन्छ ।" भन्ने विश्वासलाई थाहा पाउनुहुन्छ । येशूको बारेमा बाइबलले के भन्छ भन्नेकुरा स्पष्टसँग बुझाउनको लागि हामिले उहालाई **"परमेश्वर शरीरमा हुनुभएको"** कुरा स्वीकार गर्नुपर्दछ ।
**१ यूहन्ना** २:२२-२३मा "झूटो के हो ? झूटो त्यो हो, जसले येशू नै ख्रीष्ट हुनुहन्छ भन्ने कुरा इन्कार गर्दछ ।........पुत्रलाई इन्कार गर्ने कुनै मानिसमा पिता हुनुहन्न........।" **यूहन्ना** ४:२५-२६ले ख्रीष्ट र मसीह पर्यायवार्ची शब्द भएको बताउँदछ । येशूले इनारमा भएकी स्त्रीलाई आफू मसीह हुनुभएको कुरा बताउँदै हुनुहुन्थ्यो । पुरानो करारमा मसीहको इश्वरत्व पहिले नै भनि सकेको थियो । **यशैया** ७:१४मा "कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ ।" **मत्ती** १:२३मा इम्मानुएलको अर्थ **"परमेश्वर हामीहरुसँग"** भन्ने कुरा सिक्छौं । **यशैया** ९:६ अनुसार बालकलाई **"शक्तिशाली परमेश्वर"** भनिनु पर्थ्यो । **यूहन्ना** ५:१८ र १०:३३मा येशूले आफू परमेश्वर हुनुभएको कुरा दावी गर्नुभएको यहूदिहरुले बुझे ।

**यूहन्ना** ५:५८मा येशू आफैले "म हुँ" भनेर चिनाउनु हुन्छ । यो त्यहि शब्द हो जुन परमेश्वरले मोशासँग कुरा गर्नुहुँदा आफ्नो लागि **प्रस्थान** ३:१४मा प्रयोग गर्नु भएको थियो । **प्रेरित** २०:२८ले भन्छ परमेश्वरले "आफ्नौ रगतद्धाँरा" मण्डलिलाई किन्नुभयो । त्यो कुरा यदि येशू परमेश्वर हुनु भए मात्र सत्य हुन आउन्छ । **मर्कूस** २:५-७मा येशूले पाप क्षमा गर्नुभयो, **मत्ती** १४:२५ र **लूका** ८:२४ मा उहाँले प्रकृति माथि आफ्नो शक्ति प्रदर्शन गर्नुभयो । **मत्ती** १२:२५ र **लूका** ६:८मा उहाँले मनिसहरुका सोचाईहरु थाहाँ पाउनुभयो । **प्रस्थान** ३४:१४ले भन्छ "तैले अरु कुनै देवी देवताको पुजा नगर्नु ।" **मत्ती** १४:३३ र **यूहन्ना** ९:३८मा येशूले अरुहरुले गरेका अराधना स्वीकार गर्नुभयो । अन्तमा, **यूहन्ना** २:१८-२२मा येशूले सबै समयहरुको बारेमा अत्यान्तै अचम्मको भविष्यवाणी गर्नुभयो । "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु ।" उहाँले अगमवाणी गर्नुभयो । कि उहाँको शरीर क्रुसमा टाँगिनेछ, तर तस्रो दिनमा **उहाँले आफैलाई मृतकबाट पुनर्जिवित पार्नुहुनेछ** । येशूले आफ्नो अगमवाणी पुरा गर्नुभयो जुन परमेश्वर मात्र गर्न सक्नुहुन्छ । येशूले स्पष्टसँग आफू परमेश्वर शरीरमा हुनुभएको दाबि गर्नुभयो । यसको अर्थ कि त उहाँ साँच्चीकै परमेश्वर हुर्नुपर्छ नत्र भने मानसिक सन्तुलन बिग्रेको दन्त्य कथाको पात्र हुनुपर्छ । याहाँ कुनै मध्य स्थान छैन । यदि येशू आफूले दाबि गर्नुभएकै व्यक्ति हुनुहुन्छ भने उहाँलाई हाम्रो मक्तिदाताको रुपमा स्वीकार गर्नुभन्दा अरु उत्तम कुरा छैन । (**यूहन्ना** १:१२)

सर्वप्रर्थम, हामीले उहाँका इश्वरत्व, क्रुसको मृत्यु र पुनरुत्थानको बारेमा थाहाँ पाउँनुपर्छ । "...... पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो । उहाँ गाड्निभयो, र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ पुनर्जिवित पारिनुभयो ।" (**१ कोरिन्थी** १५:३-४)